५ वर्ष नाघेदेखि ७ वर्षसम्मको ऐ— — ५ पाँच पट्ठी । ८ आठपैसा ≈। डेढआना
७ वर्ष नाघेदेखि १० वर्षसम्मका ऐ— — ७ सात पुट्ठा । १० दशपैसा ≈ दुइआना
१० वर्ष नघेदाखि १२ वर्षसम्मको ऐ - — ६ नौ मुट्ठी । १२ बाह्रपैसा ≈। सवादुइआना
१२ वर्ष नाघेकोलाई कैदी सरह जेल सुधार योजनामुताबिक दिने ।

आज्ञाले—
श्रीवत्सराज,
का. मु. सेक्रेटरी—गृहविभाग.

## गृहविभागको सूचना

गृ. पु. जे. ४०४७ १२।५।०१२.

जेल खोरका नाबालकलाई कपडा दिनेबारे दरबन्दीलाई जाहेर हुँदा १ वर्ष देखि ५ वर्ष सम्मकालाई बयस्कले पाउने दरबन्दीको एक तिहाई र ५ वर्षदेखि ८ वर्ष-सम्मकालाई बयस्कले पाउने दरबन्दीको आधा दिने सरकारबाट निर्णय भएको छ।

आज्ञाले—
श्रीवत्सराज,
का. मु. सेक्रेटरी—गृहविभाग.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १६

मिति २०१२।५।१३।२

शिक्षाविभाग—अन्तर्गत त्रिचन्द्र कलेज र दरबार इन्टर कलेजलाई तपसील-बमोजिमका ६ जना लेक्चरर र चारजना डेमोन्स्ट्रेटर चाहिएका छन् । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०१२ साल कार्तिक १७ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी आवेदन गर्नु-होला । दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ । दरखास्तसाथ फी पठाउनु पर्दैन ।

34
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदका विवरण यस प्रकार छन् :—

१. पद:—(क) त्रिचन्द्र कलेजलाई अंग्रेजीमा १, जूलजीमा १, बोटानीमा १, केमिष्ट्रीमा १ र फिजिक्समा १ जम्मा पाँच लेक्चरर, सबै पद गजेटेड स्थायी तथा पेन्शन पाइने ।

(ख) ऐ कलेजलाई जूलजीमा १, बोटानीमा १, केमीष्ट्रीमा १ र फिजिक्समा १ जम्मा चार डेमन्स्ट्रेटर, सबै पद नन्गजेटेड स्थायी तथा पेन्शन पाइने ।

(ग) दरबार इन्टर कलेजलाई अंग्रेजीको एक लेक्चरर, गजेटेड स्थायी र पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता:—

(क) लाई:—तत्तद् विषयमा एम्. ए. वा एम्. एस्. सी. पास भरेका ।

(ख) लाई:—तत्तद् विषय लिई बी. एस्. सी. पास गरेका ।

(ग) लाई:—अंग्रेजीमा एम्. ए. ।

३. विशेष योग्यता:—लेक्चररका सबै पदमा पहिला अथवा दोस्रा श्रेणीमा उत्तीर्ण भएका नेपाली जातिलाई विशेष ग्राहयता दिइनेछ ।

४. मासिक तलब स्केल र भत्ता:—

(क) लाई:—मोहरु १८०।—५००। र महँगी भत्ता मोरु २०।

(ख) लाई:—मोहहरु १४०।—२८०। र महँगी भत्ता मोरु २०।

(ग) लाई:—मोहरु १८०।—३६०। र महँगी भत्ता मोरु २०।

५. अभ्यास अवधि :—सबै पदमा ६ महिना ।

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी — पब्लिक सर्भिस कमिशन,

सिंहदरबार काठमाडौं नेपाल.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १७

मिति २०१२।५।१३।२

शिक्षाविभाग–अन्तर्गत टेक्निकल स्कूललाई एक जना अस्थायी मास्टर चाहिएको छ। योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १ (२०१० मा भरी २०१२ साल कार्तिक १७ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी आवेदन गर्नुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

१ पदः– मास्टर एक वर्षको अस्थायी।

२ आवश्यक न्यूनतम योग्यताः– कलाकुशल, कलाप्रवीण पास भएका।

३ विशेष योग्यताः– पहिला दर्जामा पास भएका नेपालीलाई विशेष प्राथमिकता दिइनेछ।

४ मासिक तलब स्केल र भत्ताः– मो.रु. ७०।– १३०। र महँगी भत्ता १५।

५. काम र स्थानः– टेक्निकल स्कूलबाट काजको रूपमा मन्टेश्वरी स्कूलमा मास्टरी।

आज्ञाले—

खड्गमान मल्ल,
सेक्रेटरी, पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १८

मिति २०१२।५।१५।४

त्रिशुली अड्डालाई डिजल प्लान्टका निमित्त एक जना इन्जीनियर चाहिको छ। योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०१२ साल कार्तिक १७ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी आवेदन गर्नुहोला । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ । दरखास्तसाथ फी पठाउनुपर्दैन ।

पदको विवरण यस प्रकार छ :—

१. पद :— इन्जीनियर गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता :—इलेक्ट्रो मिक्यानिकल इन्जीनियरिङ ग्राजुएट ।

३. विशेष योग्यता :— डिजल प्लान्टहरूमा अनुभव प्राप्त गरेकालाई विशेष ग्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केल र भत्ता:— मो.रु. १८०।–३६०।र महँगी भत्ता २०।

५. अभ्यास अवधि :— ६ महिना ।

आज्ञाले:—
खड्गमान मल्ल,
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको बिज्ञापन नं. १६

मिति २०१२।५।१५।४

शिक्षाविभाग—अन्तर्गत तौलिहवाका तौलेश्वरनाथ माध्यमिक पाठशालालाई एक जना मिडिल शिक्षक चाहिएको छ। योग्य उमेदवारहरूले प.स.क. दरखास्त-फाराम नं. १ (२०१०) मा भरी २०१२ साल कार्तिक १७ गते रोज ५ सम्म-मा तलको ठेगानामा पुग्ने गरी आवेदन गर्नुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदको विवरण यस प्रकार छ :—

१ पद :— मिडिल शिक्षक, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यता :– उत्तर मध्यमा वा संपूर्ण मध्यमा पास।

३. विशेष योग्यता :– आइ. ए. अथवा अंग्रेजी लिएर उत्तर मध्यमा पास।

४. मासिक तलब स्केल र भत्ता :— कं. रु. ७०–१२० र महँगी भत्ता कं. रु. १२॥

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल.

## खाद्यविभागको विज्ञप्ति

का. खा. हल १०५।२१४।०१२ मिति २०१२।५।१७।६

काठमाडौं उपत्यकाभित्र खाद्यान्न खरीद बिक्री गर्नेहरूले आफूलाई मन लागेको भाउमा खरीद गरी थन्क्याई जनतालाई दुःख पीर हुने गरी महँगी भाउँमा बिक्री गर्न नपाउन् भन्ने उद्देश्यले निम्न लिखित कुरा खुलाई डाइरेक्टर खाद्यविभाग वा इलाका मैजिष्ट्रेट अफिसमा आश्विन २६ गते ०१२ सम्ममा दरखास्त दिनुहोला भनी व्यापारी पसलेहरूको लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ। सो दरखास्त दिई उक्त विभाग वा अफिसमा रजिष्टरी नगराई कुनै व्यापारी पसलेहरूले खाद्यान्नको खरीद बिक्री गर्न पाउनेछैन। गरे कानूनअनुसार सजाय हुनेछ।

१. कुन व्यापारी पसलेहरूले कार्तिक १ गतेदेखि आश्विन मसान्ततक वर्ष १ मा कुन कुन खाद्यान्न के कति खरीद बिक्री गर्ने गरी आएको छ ?

२ कुन जिल्ला गाउँबाट खरीद गरी ल्याई बिक्री गर्ने गरी आएको हो ?

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।